# बीमा प्रतिबिम्ब

**नेपाली बीमा क्षेत्रको मासिक तथ्यांक संस्करण**
**वर्ष २ अंक ९ २०८२ चैत्र**

## पृष्ठभुमी

बीमा क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ हो, जसले वित्तीय सुरक्षाका साथै दीर्घकालीन लगानी र सामाजिक स्थायित्वमा योगदान पुर्‍याउँछ। नेपालमा यस क्षेत्रको प्रभावकारी नियमन, अनुगमन, तथा विश्लेषणको कार्य नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले गर्दछ।

नेपाली बीमा बजारमा आ.व. २०८२/८३ को चैत्र मसान्तसम्म ३७ वटा बीमा कम्पनी सञ्चालनमा रहेका छन्। कार्य प्रकृतिको आधारमा १४ जीवन बीमा, १४ निर्जीवन बीमा, ७ लघुबीमा (३ जीवन लघुबीमा र ४ निर्जीवन लघुबीमा) र २ पुनर्बीमा कम्पनीले व्यवसाय गर्दै आइरहेका छन्। त्यसैगरी, नेपालको कुल गार्हस्थ्य उत्पादनमा बीमाको योगदान बढ्दो क्रममा रहेको छ। साथै, बीमा ऐन, २०७९ ले निर्देशित गरेको कार्य क्षेत्र भित्र रही प्राधिकरणले आफ्नो काम कार्यवाही गर्दै आएको छ।

बीमा क्षेत्रमा मुख्य तथ्यांकहरुको विश्लेषणले बीमा क्षेत्रमा भएको प्रगति, चुनौतीहरू, तथा नीतिगत आवश्यकताहरूको पहिचान गर्न सहयोग पुर्‍याउँछ। यस मासिक तथ्यांक संस्करण मार्फत बीमा पहुँच, बीमकहरूको वित्तीय अवस्था, दाबी, बीमालेख संख्या, बीमाशुल्क संकलन लगायतका प्रमुख सुचकहरुको अध्ययन गरिएको छ।

यो विश्लेषण बीमा क्षेत्रको पारदर्शिता, जवाफदेहिता, तथा नीतिनिर्माणका लागि आधार हुनेछ साथै, बीमकहरु, नीति निर्माता, अनुसन्धानकर्ता र आम सर्वसाधारणलाई उपयोगी जानकारी प्रदान गर्ने उद्देश्यले तयार पारिएको छ।

## नेपाली बीमा बजार

आ.व. २०८२/८३ को चैत्र मसान्तसम्ममा बीमा क्षेत्रको सुचकाङ्कहरुको अवस्था देहाय बमोजिम रहेका छन्।

### १. बीमालेख संख्या

| सूचक | २०८१ चैत्र मसान्तसम्ममा | २०८२ चैत्र मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमालेख संख्या *(म्यादि, लघु म्यादि र वैदेशिक रोजगार जीवन बीमालेख बाहेक)* | ५३,६४,०९१ | ५९,८९,३१८ | ११.६६ |
| म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या | ६५,६७,२६३ | ८०,२१,७५९ | २२.१५ |
| वैदेशिक रोजगार बीमालेख संख्या | २४,६८,२१९ | २३,८६,१२८ | (३.३३) |
| **कुल सक्रिय जीवन बीमालेख संख्या** | **१,४३,९९,५७३** | **१,६३,९७,२०५** | **१३.८७** |
| **कुल जारी जीवन बीमालेख संख्या** | **४४,१३,०२२** | **५३,६५,४७७** | **२१.५८** |
| **कुल जारी निर्जीवन बीमालेख संख्या** | **२४,१२,३३१** | **२५,४४,४९०** | **५.४८** |

चालु आ.व २०८२/८३ को चैत्र मसान्तसम्ममा जीवन र लघुजीवन बीमा कम्पनीहरुबाट ५३ लाख ६५ हजार ४७७ वटा बीमालेख जारी भएका छन् भने निर्जीवन र लघु निर्जीवन बीमा कम्पनीहरुबाट जम्मा २५ लाख ४४ हजार ४९० वटा बीमालेख जारी भएका छन् । साथै, यस आ.व.को चैत्र मसान्तसम्ममा १ करोड ६३ लाख ९७ हजार २०५ वटा सक्रिय जीवन बीमालेख रहेका छन् जुन गत आ.व.को चैत्र मसान्तको तुलनामा १३.८७ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

## २. बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| सूचक | २०८१ चैत्र मसान्तसम्ममा | २०८२ चैत्र मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा | २,७४,७३७.२८ | ३,५१,५६५.०७ | २७.९६ |
| नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा | ९,९५,६३१.९९ | १०,८६,५३६.६१ | ९.१३ |
| **कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा** | **१२,७०,३६९.२७** | **१४,३८,१०१.६८** | **१३.२०** |
| **कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा** | **३,२८,१६६.९४** | **३,७२,६८१.२७** | **१३.५६** |
| **जम्मा बीमाशुल्क संकलन रु. लाखमा** | **१५,९८,५३६.२०** | **१८,१०,७८२.९५** | **१३.२८** |

चालु आ.व २०८२/८३ को चैत्र मसान्तसम्ममा रु. १ खर्ब ८१ अर्ब ७ करोड ८३ लाख बीमाशुल्क संकलन भएको छ जुन गत आ.व.को चैत्र मसान्तको तुलनामा १३.२८ प्रतिशत वृद्धि हो । त्यसैगरी, गत आ.व. को चैत्र मसान्तको तुलनामा चालु आ.व को चैत्र मसान्तसम्ममा जीवन तथा लघुजीवन बीमा तर्फ बीमाशुल्क संकलन १३.२० प्रतिशतले वृद्धि भई रु. १ खर्ब ४३ अर्ब ८१ करोड २ लाख रहेको छ भने निर्जीवन तथा लघु निर्जीवन बीमा तर्फ १३.५६ प्रतिशतले वृद्धि भई रु. ३७ अर्ब २६ करोड ८१ लाख बीमाशुल्क संकलन भएको छ ।

## ३. बीमा दावी भुक्तानी विवरण

*रकम रु. लाखमा*

| सूचक | २०८१ चैत्र मसान्तसम्ममा | २०८२ चैत्र मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमा दाबी भुक्तानी संख्या | २,००,८१० | १,४४,३०६ | (२८.१४) |
| जीवन बीमा दाबी भुक्तानी रकम | ४,५३,७९४.०९ | ३,११,०७३.१८ | (३१.४५) |
| भुक्तानी हुन वाँकी दाबी संख्या *(जीवन)* | ५२,६८७ | ६१,५१६ | १६.७६ |
| भुक्तानी हुन वाँकी दाबी रकम *(जीवन)* | ४४,३२२.७१ | ५५,७३१.२४ | २५.७४ |
| निर्जीवन बीमा दाबी भुक्तानी संख्या | १,०१,७१३ | १,११,७०७ | ९.८३ |
| निर्जीवन बीमा दाबी भुक्तानी रकम | १,६६,२२८.६८ | २,०४,८६२.०० | २३.२४ |
| भुक्तानी हुन वाँकी दाबी संख्या *(निर्जीवन)* | १,०४,८७२ | १,१३,९४७ | ८.६५ |
| भुक्तानी हुन वाँकी दावी रकम *(निर्जीवन)* | ३,०९,३६४.६६ | ४,७१,६०१.४९ | ५२.४४ |

चालु आ.व २०८२/८३ को चैत्र मसान्तसम्म जीवन बीमकहरुले भुक्तानी गरेको दाबीको संख्या १ लाख ४४ हजार ३०६ रहेको छ जस अन्तर्गत रु. ३१ अर्ब १० करोड ७३ लाख भुक्तानी भएको छ। गत आ.व.को चैत्र मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या र रकममा २८.१४ प्रतिशत र ३१.४५ प्रतिशत कमि भएको देखिन्छ। साथै, ६१ हजार ५१६ वटा दाबी अन्तर्गतको रु. ५ अर्ब ५७ करोड ३१ लाख भुक्तानी हुन बाँकी नै रहेको छ।

त्यसैगरी, निर्जीवन बीमकहरुबाट चालु आ.व २०८२/८३ को चैत्र मसान्तसम्ममा कुल १ लाख ११ हजार ७०७ वटा दाबी भुक्तानी भएको छ जस अन्तर्गत रु २० अर्ब ४८ करोड ६२ लाख भुक्तानी भएको छ भने, १ लाख १३ हजार ९४७ वटा दाबी संख्या अन्तर्गत कुल रु ४७ अर्ब १६ करोड १ लाख भुक्तानी हुन बाँकी रहेको छ। गत आ.व.को चैत्र मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्यामा ८.६५ प्रतिशतले वृद्धि भएको छ भने दाबी रकममा ५२.४४ प्रतिशत वृद्धि भएको देखिन्छ।

## ४. जीवन बीमाको पहुँच

| सूचक | २०८१ चैत्र मसान्तसम्ममा | २०८२ चैत्र मसान्तसम्ममा |
|---|---|---|
| बीमाको दायरामा आएको जनसंख्या प्रतिशतमा *(म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीबन बीमालेख बाहेक)* | १६.४८ | १८.२४ |
| बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि र लघु म्यादि जीवन बीमालेख सहित)* | ३६.६५ | ४२.६६ |
| **बीमाको दायरामा आएको जनसंख्या प्रतिशत** *(म्यादि,लघुम्यादि र बैदेशिक रोजगार जीवन बीमालेख सहित)* | **४४.६४** | **५०.३१** |

*१. राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.स. २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा यस महिनासम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गरिएको।*

राष्ट्रिय तथ्यांक कार्यालयले प्रकाशित गरेको २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा चालु आ.व को चैत्र मसान्तसम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गर्दा ५०.३१ प्रतिशत जनसंख्यामा बीमाको पहुँच पुगेको छ भने ४९.६९ प्रतिशत जनसंख्या बीमाको पहुँच बाहिर रहेको देखिन्छ।

## ५. समर्पण तथा व्यतित विवरण

*रकम रु. लाखमा*

| सूचक | २०८१ चैत्र मसान्तसम्ममा | २०८२ चैत्र मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| समर्पण संख्या | ८०,१८७ | ६८,८५५ | (१४.१३) |
| समर्पण रकम | १,१०,९७१.८९ | १,०४,९५७.१९ | (५.४२) |
| व्यतित बीमालेखको संख्या | १२,४६,३०१ | १२,२५,४५४ | (१.६७) |

| | | | |
|---|---|---|---|
| व्यतित बीमालेखको रकम | ३,६८,७२०.१९ | ३,७७,३०४.७२ | २.३३ |

चालु आ.व २०८२/८३ को चैत्र मसान्तसम्ममा ६८ हजार ८५५ वटा जीवन बीमालेख समर्पण भएका छन् जस अन्तर्गत रु १० अर्ब ४९ करोड ५७ लाख समर्पण रकम रहेको छ । त्यसैगरी, १२ लाख २५ हजार ४५४ बीमालेख व्यतित भएकाछन् भने व्यतित बीमालेखको रकम रु ३७ अर्ब ७३ करोड ५ लाख रहेको छ ।

## ६. बीमकको शाखा कार्यालय तथा कर्मचारीको विवरण

| सूचक | २०८१ चैत्र मसान्तसम्ममा | २०८२ चैत्र मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या | १,८४४ | १,८४१ | (०.१६) |
| निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या | १,१५५ | १,१५७ | ०.१७ |
| **बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या** | **२,९९९** | **२,९९८** | **(०.०३)** |
| जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ६,०५५ | ६,०९९ | ०.७३ |
| निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ६,०३६ | ६,२९५ | ४.२९ |
| **बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या** | **१२,०९१** | **१२,३९४** | **२.५१** |

चालु आ.व. २०८२/८३ को चैत्र मसान्तसम्ममा जीवन बीमातर्फ १ हजार ८४१ र निर्जीवन बीमातर्फ १ हजार १५७ गरी जम्मा शाखा संख्या २ हजार ९९८ पुगेको छ भने जीवन बीमातर्फ ६ हजार ९९ र निर्जीवन बीमातर्फ ६ हजार २९५ गरी कुल १२ हजार ३९४ जना कर्मचारी कार्यरत छन् ।

## ७. बीमालेख अनुसार जारी जीवन बीमालेख संख्या

| सूचक | २०८१ चैत्र मसान्तसम्म मा (१) | जारी बीमालेख को हिस्सा प्रतिशत | २०८२ चैत्र मसान्तसम्म मा (२) | जारी बीमालेख को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सावधिक जीवन बीमा | २,१४,८०४ | ४.८७ | २,०९,३१६ | ३.९० | **(२.५५)** |
| अग्रिम भुक्तानी सावधिक जीवन बीमा | २६,११२ | ०.५९ | २८,८७६ | ०.५४ | **१०.५९** |
| रुपान्तरित सावधिक जीवन बीमा | ३५,९१५ | ०.८१ | ४०,७४५ | ०.७६ | **१३.४५** |
| बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा | ७७,००९ | १.७५ | ८७,३७४ | १.६३ | **१३.४६** |

| | | | | | |
|---|---|---|---|---|---|
| वैदेशिक रोजगार म्यादी | ६,१०,७९७ | १३.८४ | ५,८७,०७० | १०.९४ | (३.८८) |
| आजीवन जीवन बीमा | ४,०९७ | ०.०९ | ३,३९५ | ०.०६ | (१७.१३) |
| एकल बीमाशुल्क जीवन बीमा | १५,८८५ | ०.३६ | ११,९७५ | ०.२२ | (२४.६१) |
| म्यादी  जीवन बीमा | ७,९२,५५० | १७.९६ | ७,६२,९७५ | १४.२२ | (३.७३) |
| लघु जीवन बीमा | २६,२८,२७० | ५९.५६ | ३६,२७,११२ | ६७.६० | ३८.०० |
| अन्य जीवन बीमा | ७,५८३ | ०.१७ | ६,६३९ | ०.१२ | (१२.४५) |
| **जम्मा** | ४४,१३,०२२ | १००.०० | ५३,६५,४७७ | १००.०० | **२१.५८** |

चालु आ.व. २०८२/८३ को चैत्र मसान्तसम्ममा जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ६७.६० प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा आजिवन जीवन बीमालेखको ०.०६ प्रतिशत रहेको छ। गत आ.व.को चैत्र मसान्तसम्मको तुलनामा जारी बीमालेखको संख्यामा २१.५८ प्रतिशतले वृद्धि भएको छ।

## ८. सक्रिय जीवन बीमालेख संख्या

| जीवन बीमालेख | २०८१ चैत्र मसान्तसम्ममा (१) | सक्रिय बीमालेख को हिस्सा प्रतिशत | २०८२ चैत्र मसान्तसम्म मा (२) | सक्रिय बीमालेखको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सावधिक जीवन बीमा | २०,६९,४२७ | १४.३७ | २२,१५,५८९ | १३.५१ | ७.०६ |
| अग्रिम भुक्तानी सावधिक जीवन बीमा | ४,४५,५२० | ३.०९ | ४,५८,७८४ | २.८० | २.९८ |
| रुपान्तरित सावधिक जीवन बीमा | ५,३७,६०५ | ३.७३ | ६,०३,३८४ | ३.६८ | १२.२४ |
| बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा | १०,२४,०९६ | ७.११ | १०,९६,८८३ | ६.६९ | ७.११ |
| वैदेशिक रोजगार म्यादि जीवन बीमा | २४,६८,२१९ | १७.१४ | २३,८६,१२८ | १४.५५ | (३.३३) |
| आजिवन जीवन बीमा | १,७७,०३६ | १.२३ | १,६९,३७९ | १.०३ | (४.३३) |
| एकल बीमाशुल्क जीवन बीमा | ८४,६४३ | ०.५९ | १,१४,३३९ | ०.७० | ३५.०८ |
| म्यादि जीवन बीमा | ३३,५४,८५४ | २३.३० | ३४,३३,५४९ | २०.९४ | २.३५ |
| लघु जीवन बीमा | ४१,१४,१३१ | २८.५७ | ५७,९५,९२५ | ३५.३५ | ४०.८८ |
| अन्य जीवन बीमा | १,२४,०४२ | ०.८६ | १,२३,२४५ | ०.७५ | (०.६४) |
| **जम्मा** | १,४३,९९,५७३ | १००.०० | १,६३,९७,२०५ | १००.०० | **१३.८७** |

चालु आ.व. २०८२/८३ को चैत्र मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ३५.३५ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा एकल बीमालेखको ०.७० प्रतिशत रहेको छ। गत आ.व. को चैत्र मसान्तसम्मको तुलनामा चालु आ.व.को चैत्र मसान्तसम्ममा सक्रिय बीमालेखको संख्यामा १३.८७ प्रतिशत वृद्धि भएको छ।

## ९. प्रदेश अनुसार सक्रिय जीवन बीमालेख संख्या

| प्रदेश | २०८१ चैत्र मसान्तसम्ममा (१) | सक्रिय बीमालेखको हिस्सा प्रतिशत | २०८२ चैत्र मसान्तसम्ममा (२) | सक्रिय बीमालेखको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | १२,३६,०६७ | ८.५८ | १९,०३,१२० | ११.६१ | **५३.९७** |
| मधेश | ६,१३,१६१ | ४.२६ | ७,२२,३७१ | ४.४१ | **१७.८१** |
| बागमती | ९९,५७,२४१ | ६९.१५ | १,०२,५५,६७९ | ६२.५५ | **३.००** |
| गण्डकी | ६,९८,२६४ | ४.८५ | ११,४१,५०६ | ६.९६ | **६३.४८** |
| लुम्बिनी | १०,३४,६६१ | ७.१९ | ११,५५,५२३ | ७.०५ | **११.६८** |
| कर्णाली | ३,०९,५३३ | २.१५ | ६,१९,२०८ | ३.७८ | **१००.०५** |
| सुदुरपश्चिम | ५,५०,६४६ | ३.८२ | ५,९९,७९८ | ३.६६ | **८.९३** |
| **जम्मा** | १,४३,९९,५७३ | १००.०० | १,६३,९७,२०५ | १००.०० | **१३.८७** |

चालु आ.व. २०८२/८३ को चैत्र मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी १ करोड २ लाख ५५ हजार ६७९ वटा सक्रिय बीमालेख बागमती प्रदेशमा रहेको छ भने सबै भन्दा कम ५ लाख ९९ हजार ७९८ वटा सक्रिय बीमालेख सुदुरपश्चिम प्रदेशमा रहेको छ।

## १०. जारी निर्जीवन बीमालेख संख्या

| निर्जीवन बीमालेख | २०८१ चैत्र मसान्तसम्ममा (१) | जारी बीमालेखको हिस्सा प्रतिशत | २०८२ चैत्र मसान्तसम्ममा (२) | जारी बीमालेखको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सम्पत्ति बीमा | ३,६४,४७३ | १५.११ | ३,४७,८३९ | १३.६७ | (४.५६) |
| सामुन्द्रिक बीमा | २,९४,३२३ | १२.२० | ३,०९,२४८ | १२.१५ | **५.०७** |
| हवाई बीमा | ९९ | ०.००४ | १९० | ०.००७ | **९१.९२** |
| मोटर बीमा | १२,०७,४४२ | ५०.०५ | १२,४५,५१२ | ४८.९५ | **३.१५** |

| | | | | | |
|---|---|---|---|---|---|
| इन्जि. तथा ठे. जो. बीमा | २२,५७९ | ०.९४ | २२,२३० | ०.८७ | (१.५५) |
| विविध बीमा | १,२४,९५१ | ५.१८ | १,२२,६२७ | ४.८२ | (१.८६) |
| कृषि तथा बाली बीमा | १,१०,५६८ | ४.५८ | १,१७,०८४ | ४.६० | **५.८९** |
| लघु बीमा | २,८७,८९६ | ११.९३ | ३,७९,७६० | १४.९२ | **३१.९१** |
| **जम्मा** | २४,१२,३३१ | १००.०० | २५,४४,४९० | १००.०० | **५.४८** |

चालु आ.व. २०८२/८३ को चैत्र मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा मोटर बीमाको ४८.९५ प्रतिशत रहेको छ भने सबै भन्दा कम संख्यामा हवाई बीमालेख जारी भएका छन् जस्को हिस्सा ०.००७ प्रतिशत रहेको छ। गत आ.व. को चैत्र मसान्तसम्मको तुलनामा चालु आ.व.को सोही समयमा कुल जारी बीमालेख संख्या ५.४८ प्रतिशतले वृद्धि भएको छ।

## ११. प्रदेश अनुसार जारी निर्जीवन बीमालेख संख्या

| प्रदेश | २०८१ चैत्र मसान्तसम्ममा (१) | बीमालेख को हिस्सा प्रतिशत | २०८२ चैत्र मसान्तसम्ममा (२) | बीमालेख को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | ३,१२,०६१ | १२.९४ | ३,२७,७१८ | १२.८८ | **५.०२** |
| मधेश | २,५९,४७५ | १०.७६ | २,६०,९८७ | १०.२६ | **०.५८** |
| बागमती | १०,३०,९१७ | ४२.७४ | ११,१६,३६७ | ४३.८७ | **८.२९** |
| गण्डकी | २,४५,४३४ | १०.१७ | २,५२,५८९ | ९.९३ | **२.९२** |
| लुम्बिनी | ३,९७,४१० | १६.४७ | ४,१५,०९६ | १६.३१ | **४.४५** |
| कर्णाली | ४२,५८८ | १.७७ | ४४,९७७ | १.७७ | **५.६१** |
| सुदुरपश्चिम | १,२४,४४६ | ५.१६ | १,२६,७५६ | ४.९८ | **१.८६** |
| **जम्मा** | २४,१२,३३१ | १००.०० | २५,४४,४९० | १००.०० | **५.४८** |

चालु आ.व. २०८२/८३ को चैत्र मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गरेको बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४३.८७ प्रतिशत रहेको छ सबै भन्दा कम हिस्सा  कर्णाली प्रदेशमा १.७७ प्रतिशत रहेको छ।

## १२. बीमालेखका आधारमा जीवन बीमामा कुल बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| जीवन बीमालेख | २०८१ चैत्र मसान्तसम्ममा (१) | बीमाशुल्कको हिस्सा प्रतिशत | २०८२ चैत्र मसान्तसम्ममा (२) | बीमाशुल्कको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सावधिक | ४,८७,६६८.७२ | ३८.३९ | ५,८०,२६६.६८ | ४०.३५ | १८.९९ |
| अग्रिम भुक्तानी सावधिक | २,६६,६४३.८१ | २०.९९ | २,७१,६५२.०४ | १८.८९ | १.८८ |
| रुपान्तरित सावधिक | १,५६,९५१.७४ | १२.३५ | १,६६,७४७.२४ | ११.५९ | ६.२४ |
| बालबच्चा सम्बन्धि सावधिक | १,९४,३६३.४५ | १५.३० | २,३८,६३१.६५ | १६.५९ | २२.७८ |
| वैदेशिक रोजगार म्यादी | २५,८७३.७० | २.०४ | २५,०७५.४३ | १.७४ | (३.०९) |
| आजीवन | ३२,९४१.६१ | २.५९ | ३०,७९४.३५ | २.१४ | (६.५२) |
| एकल बीमाशुल्क | ४९,१९२.६२ | ३.८७ | ६०,५९३.९२ | ४.२१ | २३.१८ |
| म्यादी | ११,१२९.०४ | ०.८८ | १२,८४९.०१ | ०.८९ | १५.४५ |
| लघु | २१,१०४.८० | १.६६ | २५,०४१.१५ | १.७४ | १८.६५ |
| अन्य | २४,४९९.७७ | १.९३ | २६,४५०.२० | १.८४ | ७.९६ |
| **जम्मा** | १२,७०,३६९.२७ | १००.०० | १४,३८,१०१.६८ | १००.०० | १३.२० |

चालु आ.व. २०८२/८३ को चैत्र मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा सावधिक जीवन बीमालेखको ४०.३५ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा म्यादी बीमालेखको ०.८९ प्रतिशत रहेको छ। गत आ.व. को चैत्र मसान्तसम्मको तुलनामा चालु आ.व.को चैत्र मसान्तसम्ममा जीवन बीमातर्फ कुल बीमाशुल्क संकलनमा १३.२० प्रतिशतले वृद्धि भएको छ।

## १३. प्रदेश अनुसार कुल जीवन बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| प्रदेश | २०८१ चैत्र मसान्तसम्ममा (१) | बीमाशुल्कको हिस्सा प्रतिशत | २०८२ चैत्र मसान्तसम्ममा (२) | बीमाशुल्कको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | १,५३,११२.५९ | १२.०५ | १,७१,१५६.९६ | ११.९० | ११.७९ |
| मधेश | १,११,६८९.८४ | ८.७९ | १,३०,३५२.०३ | ९.०६ | १६.७१ |

| | | | | | |
|---|---|---|---|---|---|
| बागमती | ५,६७,९२१.७६ | ४४.७१ | ६,३१,६६५.६९ | ४३.९२ | **११.२२** |
| गण्डकी | १,२७,६६३.७४ | १०.०५ | १,४६,५४३.९३ | १०.१९ | **१४.७९** |
| लुम्बिनी | १,९७,८७६.६२ | १५.५८ | २,२८,५८६.७४ | १५.९० | **१५.५२** |
| कर्णाली | ३६,००९.०७ | २.८३ | ४२,७४८.०२ | २.९७ | **१८.७१** |
| सुदुरपश्चिम | ७६,०९५.६६ | ५.९९ | ८७,०४८.३१ | ६.०५ | **१४.३९** |
| **जम्मा** | १२,७०,३६९.२७ | १००.०० | १४,३८,१०१.६८ | १००.०० | **१३.२०** |

चालु आ.व. २०८२/८३ को चैत्र मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४३.९२ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा २.९७ प्रतिशत रहेको छ।

## १४. निर्जीवन बीमामा कुल बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| निर्जीवन बीमालेख | २०८१ चैत्र मसान्तसम्ममा (१) | बीमाशुल्क को हिस्सा प्रतिशत | २०८२ चैत्र मसान्तसम्ममा (२) | बीमाशुल्क को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सम्पत्ति | ८१,९९७.७३ | २४.९९ | ८६,५०७.७६ | २३.२१ | **५.५०** |
| सामून्द्रिक | १८,९४७.५३ | ५.७७ | २२,७९४.४६ | ६.१२ | **२०.३०** |
| हवाई | १८,१९९.२७ | ५.५५ | १७,४४८.७४ | ४.६८ | **(४.१२)** |
| मोटर | ९८,२८७.६४ | २९.९५ | १,१५,०७१.४६ | ३०.८८ | **१७.०८** |
| इन्जि. तथा ठे. जो. | ५५,६०१.६३ | १६.९४ | ६९,१७८.५२ | १८.५६ | **२४.४२** |
| विविध | ३५,७४६.३५ | १०.८९ | ३९,२१७.१३ | १०.५२ | **९.७१** |
| कृषि तथा बाली | १२,३८८.९८ | ३.७८ | १२,४८०.५३ | ३.३५ | **०.७४** |
| लघु | ६,९९७.८२ | २.१३ | ९,९८२.६७ | २.६८ | **४२.६५** |
| **जम्मा** | ३,२८,१६६.९४ | १००.०० | ३,७२,६८१.२७ | १००.०० | **१३.५६** |

चालु आ.व. २०८२/८३ को चैत्र मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा मोटर बीमालेखको ३०.८८ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा लघु बीमालेखको २.६८ प्रतिशत रहेको छ। गत आ.व. को चैत्र मसान्तसम्मको तुलनामा चालु आ.व.को चैत्र मसान्तसम्ममा कुल बीमाशुल्क संकलन १३.५६ प्रतिशतले वृद्धि भएको छ।

## १५. प्रदेश अनुसार निर्जीवन कुल बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| प्रदेश | २०८१ चैत्र मसान्तसम्ममा (१) | बीमाशुल्क को हिस्सा प्रतिशत | २०८२ चैत्र मसान्तसम्ममा (२) | बीमाशुल्क को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | २८,६४५.६९ | ८.७३ | ३१,४८४.८० | ८.४५ | **९.९१** |
| मधेश | २१,५७६.१५ | ६.५७ | २३,४२४.३७ | ६.२९ | **८.५७** |
| बागमती | २,२१,०१७.५२ | ६७.३५ | २,५५,९२७.६० | ६८.६७ | **१५.८०** |
| गण्डकी | १७,०४२.६० | ५.१९ | १८,३५४.६४ | ४.९३ | **७.७०** |
| लुम्बिनी | २८,५६८.८२ | ८.७१ | ३१,१३३.६१ | ८.३५ | **८.९८** |
| कर्णाली | ३,०६८.४४ | ०.९४ | ३,४८८.१० | ०.९४ | **१३.६८** |
| सुदुरपश्चिम | ८,२४७.७१ | २.५१ | ८,८६८.१५ | २.३८ | **७.५२** |
| **जम्मा** | ३,२८,१६६.९४ | १००.०० | ३,७२,६८१.२७ | १००.०० | **१३.५६** |

चालु आ.व. २०८२/८३ को चैत्र मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी बीमाशुल्क संकलनको हिस्सा बागमती प्रदेशको ६८.६७ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको ०.९४ प्रतिशत रहेको छ।

## १६. उजुरी दर्ता तथा फछ्यौंट

| विवरण | | आर्थिक वर्ष | |
|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ |
| गत वर्षको निवेदन बाँकी संख्या | | २८७ | **३९४** |
| यस वर्षको निवेदन संख्या | केन्द्रीय कार्यालयमा | १४४ | ८६ |
| | प्रदेश कार्यालयमा | ९१ | ३४ |
| | कुल दर्ता | २३५ | १२० |
| पुनरावेदनबाट आएका मुद्दाको संख्या | | ३ | - |
| **जम्मा निवेदन** | | **५२५** | **५१४** |
| फैसला/सहमति भएका मुद्दा संख्या | फैसला | ८५ | ८५ |
| | सहमति | ४६ | ३३ |
| | जम्मा फछ्यौंट | १३१ | ११८ |
| **बाँकी संख्या** | | **३९४** | **३९६** |

चालु आ.व. २०८२/८३ को चैत्र मसान्तसम्ममा केन्द्रीय कार्यालयमा ८६ र प्रदेश कार्यालयमा ३४ गरी प्राधिकरणमा कुल दर्ता भएका १२० वटा उजुरी र गत वर्षको बाँकी ३९४ वटा निवेदन गरी कुल ५१४ वटा उजुरी प्राप्त भएको छ जसमध्ये ८५ वटा उजुरी मुद्दा फैसलाबाट र ३३ वटा उजुरी सहमतीबाट गरी कुल ११८ वटा उजुरी फछर्यौट भएका छन् भने ३९६ वटा उजुरी विचाराधिन अवस्थामानै रहेको छ।

**तयार:**

अनुसन्धान महाशाखा

नेपाल बीमा प्राधिकरण